# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, वैशाख १२ गते २०२३ साल [ अतिरिक्ताङ्क २


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको गाउँ पञ्चायत (निर्वाचन) (दोश्रो संशोधन) नियमावली, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### गाउँ पञ्चायत (निर्वाचन) (दोश्रो संशोधन) नियमावली, २०२३

गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँ पञ्चायत ऐन, २०१८ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम गाउँ पञ्चायत (निर्वाचन) (दोश्रो संशोधन) नियमावली, २०२३ रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २ मा संशोधनः– (१) मूल नियमावलीको नियम २ मा रहेको खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राखिएको छः–

(घ) "मतदाता" भन्नाले ऐनको दफा ५ बमोजिम सम्बन्धित गाउँ–सभाको सदस्य हुन पाउने व्यक्ति सम्झनु पर्छ ।

(ङ) "निर्वाचन अफिसर" भन्नाले नियम ४ बमोजिम निर्वाचनको काम गर्ने सम्बन्धित जिल्ला पञ्चायतको सचिव सम्झनु पर्छ ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

५. बडाहरूको विभाजन र मतदाताको नामावली तयार गर्नेः– (१) नियम ३ बमोजिम गाउँ सभाको स्थापना भए पछि प्रत्येक गाउँ–सभाको इलाकालाई ९ वडाहरूमा बिभाजित गरिनेछ । बडा विभाजन गर्दा प्रत्येक वडामा यथा सम्भव बराबर जनसंख्या पर्ने गरी विभाजन गर्नु पर्छ र त्यसरी विभाजन गरिएको बडाहरूको नाम क्रमशः वडा नं. १ बडा नं. २ गरी बडा नं. ९ सम्म राखिने छ ।

(२) निर्वाचन अफिसरले प्रत्येक गाउँसभाको निमित्त छुट्टा छुट्टै मतदाताहरूको नामावली तयार गर्ने वा गर्न लगाउने छ । त्यसरी तयार गरिएको नामावलीमा प्रत्येक बडाका मतदाताहरूको नामावली वडा नं. को क्रमानुसार छुट्टा छुट्टै स्पष्ट देखिने गरी ९ बटै बडाहरूको मतदाताको नाम समावेस भएको हुनुपर्छ र सो नामावलीमा प्रत्येक मतदाताले आफ्नो नाउँ दर्ता गराउन पाउनेछ ।

तर कुनै मतदाताले एक भन्दा बढी गाउँसभाको नामावलीमा वा एउटै गाउँसभाको नामावलीमा दोहोरो पर्ने गरी एक पटकभन्दा बढी आफ्नो नाम दर्ता गराउन पाउने छैन ।

४. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :–

६. नामावलीको पहिलो प्रकाशनः– (१) नियम ५ बमोजिम तयार भएको मतदाताको नामावली निर्वाचन अफिसरले सम्बन्धित गाउँ पञ्चायतको अफिसमा र सबै वडाहरूमा सबैले देख्ने ठाउँमा टाँसी प्रकाशित गर्नु पर्छ र सो कुराको सूचना प्राप्त साधनद्वारा प्रचार समेत गर्नु गराउनु पर्छ ।

(२) कसैले उप–नियम (१) बमोजिम प्रकाशित नामावलीको नक्कल लिन चाहेमा रू. २।– दुई मा नबढाई निर्वाचन अफिसरले त्यस्तो नक्कल दिएबापत निजले तोकिदिएको सेवा दस्तूर दिई बिक्री गर्न वा सार्न दिन सक्नेछ ।

५. मूल नियमावलीको परिच्छेद ८ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ८ को सट्टा देहायको परिच्छेद ८ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–८

### प्रधान पञ्च र उप–प्रधान पञ्चको निर्वाचन

६१. प्रधान पञ्च र उप–प्रधान पञ्चको निर्वाचनः– नियम ९ बमोजिम कुनै गाउँ सभाका सदस्यहरूको नामावलीको अन्तिम प्रकाशन भइसकेपछि सोही नामावलीको आधारमा प्रधान पञ्च र उप–प्रधान पञ्चको निर्वाचन सदस्यहरूबाट यथा सम्भव चाँडो प्रत्यक्ष-रूपले गुप्त मतद्वारा गरिनेछ ।

६२. मिति, समय र स्थानहरू तोक्नेः– निर्वाचन अफिसरले प्रधान पञ्च र उप–प्रधान पञ्च पदको लागि उम्मेदवारको दरखास्त दिन कम से कम ७ दिनको म्याद दिई दरखास्त दिने स्थान, जाँचबुझ गर्ने मिति र समय, नाम फिर्ता लिन पाउने आखिरी मिति र निर्वाचन हुने मिति, समय र स्थान तोक्नेछ । त्यसको सूचना सर्वसाधारणको जानकारीको लागि गाउँ पञ्चायतको सूचना–पाटीमा टाँसिनेछ र प्राप्त साधनद्वारा प्रचार समेत गरिनेछ ।

६३. उम्मेदवारको लागि दरखास्त दिनेः– (१) प्रधान पञ्च वा उप–प्रधान पञ्च पदको लागि उम्मेदवार हुन चाहने गाउँ सभाका सदस्यले नियम ६२ बमोजिम दिइएको म्याद भित्र तोकिएको स्थानमा फाराम नं. ९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्छ ।

(२) उप–नियम (१) बमोजिम दिइने प्रत्येक दरखास्तको साथमा देहायका कुरा खुलाई लेखिएको कागज समेत संलग्न भएको हुनु पर्छ :–

(क) जुन गाउँ सभाबाट खडा हुने गरी दरखास्त दिइएको छ सो गाउँ सभाका, मतदाताहरूमध्ये कमसेकम २० जनाले निजलाई समर्थन गरेको पत्र,

(ख) निर्वाचनको लागि आफूले नियुक्त गर्ने निर्वाचन वारिसको नाम,

(ग) निर्वाचनको निमित्त आफूले आफ्नो मतपेटिका (वालेट बक्स) मा प्रयोग गर्न चाहेको रङ्ग ।

(३) एउटै व्यक्ति प्रधान पञ्च र उप–प्रधान पञ्च दुवै पदको लागि उम्मेदवार हुन वा एउटा उम्मेदवारको लागि समर्थक भइसकेपछि सोही पदको निमित्त अर्को उम्मेद-वारको लागि समर्थक हुन पाउने छैन ।

(४) उप–नियम (१) र (२) अनुसार पर्न आएका दरखास्तमा निर्वाचन अफि-सरले उम्मेदवारको नाम मतदाताको नामावलीमा छ छैन र नेपालको नागरिक हो होइन हेरी बुझी रीत पुगेको दरखास्त लिई दर्ता गर्नुपर्छ र रीत नपुगेकोमा सच्याउने मौका दिनु पर्छ ।

६४. दरखास्तको जाँच बुझ गर्नेः– नियम ६३ बमोजिम पर्न आएको दरखास्तमा नियम ६२ बमोजिम तोकिएको मिति, समय र स्थानमा निर्वाचन अफिसरले जाँच बुझ गरी ऐन-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम उम्मेदबार हुन योग्य भए नभएको र नियम ६३ बमोजिम रीत पुगे नपुगेको हेरी बुझी खारेज गर्नुपर्ने भए त्यसको कारण समेत खुलाई सोही व्यहोराको सूचना सम्बन्धित व्यक्तिलाई दिई त्यसको भरपाइ गराई लिनु पर्छ ।

६५. नाम फिर्ता लिने:– उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा नियम ६२ मा तोकिएको म्यादभित्र निर्वाचन अफिसरलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ त्यस्तो सूचना दिइसकेपछि सो सूचना फेरि फिर्ता लिन पाइने छैन ।

६६. उम्मेदवारको निर्वाचन रङ्ग:– निर्वाचन हुने मिति भन्दा कमसेकम चार दिन अगावै निर्वाचन अफिसरले कायम हुन आएको उम्मेदवार वा निजको बारीसलाई बोलाई सोधी रोज्न लगाई निर्वाचन रङ्ग कायम गर्नेछ । निर्वाचन रङ्ग कायम गर्दा यथा सम्भव उम्मेदवारहरूले दरखास्तसाथ पेश गरेको निर्वाचन रङ्गमध्ये प्राथमिकता दिइएको रङ्गलाई कायम गरिनेछ, एक भन्दा बढी व्यक्तिले एउटै निर्वाचन रङ्गको माग गरेमा वा दरखास्तमा निर्वाचन रङ्ग बारे उल्लेख नगरेको भए निर्वाचन अफिसरले निजहरूले माग नगरेको अन्य कुनै उपयुक्त रङ्गलाई पनि कायम गर्न सक्नेछ ।

६७. उम्मेदवारको नाम प्रकाशित गर्ने:– नियम ६५ अनुसार दरखास्त फिर्ता लिने म्याद समाप्त भएपछि फाराम नं. १० बमोजिमको ढाँचामा निर्वाचन अफिसरले कायम हुन आएको उम्मेदवारहरूको निर्वाचन रङ्ग समेतको फिहरिस्त तयार गरी सबैले देख्ने गरी सम्बन्धित गाउँ पञ्चायतको अफिसमा र अन्य उपयुक्त ठाउँहरूमा टाँसी प्रकाशित गर्नु पर्छ ।

६८. निर्विरोध छानिने:– प्रधान पञ्च र उप–प्रधान पञ्च दुवै पदको लागि एक एकवटा उम्मेदवार कायम हुन आएमा त्यस्तो पदमा उम्मेदवार निर्विरोध छानिएको भनी निर्वाचन अफिसरले घोषणा गर्नुपर्छ । यस स्थितिमा कुनै मतदान गर्नुपर्ने छैन ।

६९. उम्मेदवारको मृत्यु भएमा गर्ने:– (१) कुनै पदको उम्मेदवारको मृत्यु भएमा मतदान हुनु अगावै निर्वाचन अफिसरले सो कुरा थाहा पाएमा निजले लिखित सूचनाद्वारा सो पदको निर्वाचनको निमित्त मतदानको काम स्थगित गर्ने छ ।

(२) उप–नियम (१) बमोजिम मतदान स्थगित गरिएको पदको निर्वाचन यो नियमावली अनुसार नयाँ सिलसिलाबाट गरिनेछ ।

तर सो स्थगित भएको निर्वाचनको निमित्त दरखास्त स्वीकृत भैसकेको उम्मेदवारले अर्को दरखास्त पेश गरिरहनु पर्दैन । नियम ६५ अनुसार नाम फिर्ता लिएको उम्मेदवारले फेरि दरखास्त पेश गर्न सक्नेछ ।

७०. निर्वाचन सञ्चालन गर्ने:– नियम ६२ बमोजिम तोकिएको मिति, समय र स्थानमा प्रधान पञ्च र उप–प्रधान पञ्चको निर्वाचन, निर्वाचन अफिसर वा निजले सो कामको लागि नियुक्त गरेको पोलिङ्ग अफिसरको रेखदेखमा सञ्चालन हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७१. मतदान पत्र र मत–पेटिकाको ढाँचाः– (१) प्रधान पञ्च र उप–प्रधान पञ्च पदको निर्वाचनको लागि प्रयोग गरिने मतदानपत्र र मत–पेटिका (बालेट बक्स) को ढाँचा निर्वाचन अफिसरले तोक्ने छ ।

तर एउटै गाउँ सभामा दुवै पदको निर्वाचनको लागि प्रयोग गरिने मतदानपत्रको ढाँचा एकै किसिमको हुनुहुदैन ।

(२) उप–नियम (१) बमोजिम निर्वाचन अफिसरले तोकेको मतदानपत्रमा सम्बन्धित गाउँ पञ्चायतको नाम निर्वाचन हुने साल र प्रधान पञ्च वा उप–प्रधान पञ्च कुन पदको निर्वाचनको लागि प्रयोग हुने हो स्पष्ट उल्लेख भएको हुनु पर्छ र सम्बन्धित निर्वाचन अफिसरको त्यसरी उल्लेख भएको मतदानपत्रमा दस्तखत भएको हुनुपर्छ ।

७२. मत लिने स्थानः– (१) प्रधान पञ्च र उप–प्रधान पञ्च पदको निर्वाचनको लागि प्रत्येक गाउँ सभामा गाउँ पञ्चायतको कार्यालय रहेको ठाउँमा एक मतदान केन्द्र राखिनेछ र प्रधान पञ्च र उप–प्रधान पञ्चको पदको लागि मत लिने काम भने बेग्ला बेग्लै गरिनेछ।

(२) मत लिने स्थानमा मत–पेटिका (वालेट बक्स) हरू बाहिरबाट नदेखिने गरी राखिने छन् । मत लिने स्थानमा एक पटकमा एक भन्दा बढी मतदातालाई जान दिइने छैन र कुनै मतदाताले चाहेमा मत दिन पोलिङ्ग अफिसरको मद्दत लिन सक्नेछ । तर एक मतदाताको सट्टा अर्कोले मतदान दिन भने पाउने छैन ।

(३) हरेक मत लिने स्थानको अगाडि सबैले देख्ने ठाउँमा सो स्थानमा कुन–कुन इलाकाका मतदाताहरूले मत दिन पाउने हो त्यसको सूची र उम्मेदवारहरूको नामको फिहरिस्त राखिनेछ ।

(४) मतदान हुने दिनमा मतदान शुरू हुन अगावै पोलिङ्ग अफिसरले त्यहाँ भएको प्रत्येक उम्मेदवार वा निजको वारीसलाई मत–पेटिका खोली,देखाई निजहरूको सामुन्नेमा बन्द गरी सो पेटिकामा आफ्नो र उपस्थित उम्मेदवार वा निजको वारिसले चाहे निजको पनि सहिछाप वा लाहाछाप लगाई सो नविगारी मत–पेटिका खोल्न नहुने गरी लाहाछाप लगाई राखिने छ ।

(५) गुप्त कोठाभित्र मत–पेटिका राख्दा उम्मेदवारहरूको नामको वर्णानुक्रमानुसार एकै लाइनमा मिलाई राखिने छ ।

७३. मत लिने स्थानमा प्रवेश गर्न नपाउनेः– (१) मत लिने स्थानमा मतदाता र देहायका व्यक्ति बाहेक अरू कसैलाई पस्न दिइने छैनः–

(क) सम्बन्धित कर्मचारीहरू,

(ख) उम्मेदवार र सो ठाउँमा खटिएका निजका एकजना वारीस,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अन्धा वा असक्त मतदातालाई मत दिन लगाउन साथमा लिई आएका व्यक्ति बढीमा दुई जनासम्म,

(घ) जनाना मतदाता मत दिन आउँदा निजको काखमा भएको बच्चा,

(ङ) निर्वाचन अफिसरबाट इजाजत पाएका अरू व्यक्तिहरू ।

(२) नियम ६२ अनुसार मत लिन तोकिएको समय समाप्त भए पछि पोलिङ्ग अफिसरले मत लिने स्थान बन्द गर्ने छ । त्यसपछि कुनै मतदातालाई समेत आउन दिइने छैन र सो स्थान बन्द गर्नु अगाडि सो स्थानको घेराभित्र उपस्थित सबै मतदाताहरूले मत दिन पाउने छन् । यस विषयमा कुनै प्रश्न उठेमा पोलिङ्ग अफिसरको निर्णय अन्तिम हुनेछ ।

७४. मतदान-पत्र दिनु अगावै पुन्याउन पर्ने तरीकाः– (१) प्रत्येक मतदाता मतदान दिने स्थानभित्र पसेपछि पोलिङ्ग अफिसरले निजको नाम, ठेगाना सोधी मतदाताहरूको नामावली मा दर्ताभएको छ छैन र दर्ता भएको व्यहोरासंग मिल्छ मिल्दैन जाँची निजलाई दर्ता भएका सबै व्यहोरा सुनाइदिनुपर्छ ।

(२) कुनै मतदाताको सम्बन्धमा नामावलीमा दर्ता भएको कुनै व्यहोरामा लेखाई वा छपाइको कुनै सानोतिनो भूल भएको देखिएमा सो दर्ता भएको नाम र ठेगाना सो मतदाताको हो भन्ने पोलिङ्ग अफिसरलाई विश्वास हुने मनासिब माफिकको कारण भएमा त्यस्ता व्यक्तिलाई मत दिन लगाउनु हुन्छ ।

(३) कुनै व्यक्ति फलानो मतदाता हूं भनी मत दिन आउँदा निज सो मतदाता होइन, नाम ढाँटी मत दिन आएको हो भनी उम्मेदवार वा निजको वारीसले प्रत्येक पटक रू.१। पोलिङ्ग अफिसर कहाँ धरौटी राखी विरोध गर्न सक्नेछ । सोबमोजिम धरौटी राखे पछि पोलिङ्ग अफिसरले मतदाताको सूचीमा उल्लेख भएको नाम, विरोध गर्नेले बताएको नाम, विरोध गर्नेको नाम लेखी विरोध गर्ने र विरोध गरिएको व्यक्ति समेतको सहिछाप गराई सोही स्थानमा मतदातालाई चिन्ने व्यक्ति कोही भए निजसंग ठाडै बुझी पोलिङ्ग अफिसरले आफ्नो निर्णय दिनेछ ।

(४) उप-नियम (३) बमोजिम पोलिङ्ग अफिसरले गरेको निर्णय अन्तिम हुनेछ सो निर्णयबमोजिम विरोध ठीक नठहरिएमा राखेको धरौटी जफत हुनेछ र ठीक ठहरिएमा उसै दिन धरौटी फिर्ता दिइने छ ।

(५) उप–नियम (१) वा (२) वा (३) बमोजिम नामावली जाँचीसकेपछि प्रत्येक मतदातालाई एउटा मतदानपत्र दिइने छ र मतदानपत्र दिइसकेपछि नामावलीमा रहेको निजको नामको अगाडि मतदानपत्र दिइएको कुरा जनाइने छ र यसरी जनाइएपछि त्यस्तो मतदाताले मत दिन मतदानपत्र लिइसकेको मानिने छ ।

(६) प्रधानपञ्च र उप प्रधानपञ्च दुबै पदको चुनाव एकै दिन गर्नु परेमा दुबै पदको लागि मतदानपत्रहरू एकै पटक दिइने छैन । एक पटक एउटै मात्र मतदानपत्र दिई सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खसालिसकेपछि मात्र अर्को मतदानपत्र दिइने छ ।

७५. मत दिने तरीकाः– (१) मतदान पत्र पाए पछि मतदाता तुरुन्तै मत–पेटिका (वालेट बक्स) राखिएको गुप्त कोठामा जानु पर्छ र जुन उम्मेदवारलाई आफ्नो मत दिने हो निजको निर्वाचन रङ्ग राखिएको मत पेटिका (वालेट बक्स) मा मतदानपत्र छिराउने प्वालबाट मतदान पत्र खसाल्नु पर्छ र त्यस पछि तुरुन्तै बाहिर आउनु पर्छ । मतदानपत्र खसाल्न लाग्ने समय भन्दा बढ्ता कुनै मतदाता पनि सो ठाउँमा बस्न हुँदैन ।

(२) कुनै मतदाता मत दिने कोठा भित्र नपसेको अवस्थामा मत–पेटिकाहरू रीत पूर्वक रहेको नरहेको जाँच्न पोलिङ्ग अफिसर बीच बीचमा सो कोठा भित्र पस्नु पर्छ र त्यसरी पस्नु पर्दा निजले आफ्नो साथमा सो कोठा भित्र पस्न चाहने उम्मेदवार वा निजको वारीस -लाई पनि लानु पर्छ ।

(३) मत दिने कोठाभित्र पसेको कुनै मतदाताले मत–पेटिका (वालेट बक्स) मा कुनै किसिमको गोलमाल गरिरहेको वा सो कोठामा जरूरतभन्दा बढ्ता समयसम्म बसिरहेको शङ्का लागेमा पोलिङ्ग अफिसरले सो कोठा भित्र पसी त्यस्तो कुनै गोलमाल हुन नदिन र मत लिने काम राम्रो तवरले चालू राख्न आवश्यक कारवाई गर्नुपर्छ ।

७६. मतदानपत्र खारेज गर्नेः– (१) नियम ७४ को उप–नियम (५) बमोजिम मतदानपत्र लिइसकेपछि कुनै मतदाताले आफ्नो मतदानपत्र कुनै उम्मेदवारको मतपेटिकामा नखसालेर भूईंमा वा अन्यत्र फ्याँकेको वा मत–पेटिका (ब्यालेट बक्स) को प्वालमा नछिराई त्यसै माथि वा मतपेटिका तिर राखेको रहेछ वा मतदानपत्र पाए पछि मत नदिने निश्चय गरी पोलिङ्ग अफिसरलाई फिर्ता दिइएका मतदानपत्रहरू खारेज हुनेछन् ।

(२) उप-नियम (१) बमोजिम खारेज भएका मतदानपत्रहरू पोलिङ्ग अफिसरले छुट्टै खाममा खारेज गरिएका मतदान पत्रहरू भन्ने लेखी राख्नु पर्छ ।

७७. मतदानसम्बन्धी कागजपत्रहरू निर्वाचन अफिसरलाई बुझाउनेः– मत लिने काम सकिएपछि पोलिङ्ग अफिसरले मतदानपत्र दिँदा प्रयोग गरिएका मतदाताहरूको नामावली, खारेज गरिएका मतदानपत्रहरू र निर्वाचन अफिसरले फिर्ता दाखिल गर्न निर्देश गरेका अरू कागजपत्रहरूलाई छुट्टा छुट्टै खाममा बन्द गरी सो कागजपत्रहरू र फाराम नं. ११ बमोजिमको मतदानको फाँटवारी तयार गरी सो फाँटवारी सकभर चाँडो निर्वाचन अफिसरलाई बुझाउनु पर्छ ।

७८. मत गन्तीः– (१) मतदानको काम सकिएपछि तुरुन्त मत गन्ती गरिने छ ।

(२) मत गन्ती गर्ने ठाउँमा निर्वाचन अफिसरले मद्दत गर्न खटाएका व्यक्तिहरू, खटिएका सरकारी कर्मचारीहरू, उम्मेदवार वा निजको एक जना वारीस बस्न पाउने छन् । अरू व्यक्तिलाई बस्न दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) निर्वाचन अफिसरले मत गन्ती गर्ने काममा वा निर्वाचनसम्बन्धी कुनै काम गर्ने उम्मेदवारतर्फबाट कुनै व्यक्तिको मद्दत लिन हुँदैन ।

(४) आवश्यक परेमा पुलिसको समेत मद्दत लिई निर्वाचन अफिसरले मत गन्ती गर्ने काममा बाधा दिने व्यक्तिलाई मत गन्ती गर्ने ठाउँबाट बाहिर निकाल्न सक्नेछ ।

(५) निर्वाचन अफिसरले मत गन्ती गर्नुपर्ने सबै मत-पेटिकाहरू खोलिसकेपछि त्यस भित्रको सबै मतदानपत्रहरू बाहिर झिकी ठेली बनाउनु पर्छ र मत-पेटिका भित्र रहेको निर्वाचन चिह्न जनिएको कागज समेत जाँच्न दिनुपर्छ ।

(६) निर्वाचन अफिसरले मत गन्ती गरिसकेपछि त्यस उम्मेदवारले प्राप्त गरेका मतदानपत्रहरू बेग्ला बेग्लै खाममा राखी सो खाममा मतदानपत्र पाउने उम्मेदवारको नाम, निजको निर्वाचन रङ्ग र मतदान तथा मत गन्ती भएको मिति लेखी सुरक्षित तबरबाट राख्नु पर्छ ।

७९. बदर गर्नुपर्ने मतदानपत्रहरूः– (१) निर्वाचन अफिसरले देहायका मतदानपत्रहरू बदर गर्नुपर्छः–

(क) मत दिने मतदाता चिन्न सकिने गरी कुनै चिह्न वा केही कुरा लेखिएको,

(ख) जाली,

(ग) च्यातिई वा झुत्रो भै सक्कली मतदानपत्र हो भनी छुट्टचाउन नसकिने,

(घ) निर्वाचन अफिसरको दस्तखत नभएको ।

७९ क. दोहऱ्याई मत गन्ती गर्नेः– (१) खसालिएको मतदानपत्रहरू गन्ती भैसकेपछि कुनै उम्मेदवार वा निजको वारीसले फेरि दोहऱ्याई गन्ती गराई पाउँ भनी कारण समेत खुलाई निर्वाचन अफिसर समक्ष दर्खास्त दिन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिमको दरखास्त परेपछि त्यसउपर उचित बिचार गरी निर्वाचन अफिसरले दोहऱ्याई मत गन्ती गर्न लाउन वा इन्कार गर्न सक्नेछ । इन्कार गर्ने निर्णय गर्दा कारण समेत खोली लेख्नुपर्छ ।

(३) निर्वाचन अफिसरले दोहऱ्याई मत गन्ती गर्दा कुनै उम्मेदवारले पाएको मतदान-पत्रको संख्यामा केही थप घट भएमा सोही बमोजिम संशोधन गरी उपस्थित सबैलाई पढी सुनाइदिनुपर्छ ।

(४) निर्वाचन परिणाम सुनाइसकेपछि निर्वाचन अफिसरले सम्बन्धित सबै उम्मेदवारहरू र निजहरूको वारीसले पनि सो परिणाम-तालिकामा सहिछाप गर्नु पर्छ । निर्वाचन अफिसरले परिणाम-तालिकामा सही गरिसकेपछि फेरि दोहऱ्याई मत गन्ती गर्न कुनै दरखास्त पेश गर्न सकिने छैन ।

(५) सम्बन्धित उम्मेदवारले वा निजको वारिसले परिणाम-तालिकामा सहिछाप गर्दिन भन्न पाउने छैन । कुनै कुरामा आफ्नो चित्त नबुझेमा सोही व्यहोरा जनाई सहिछाप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पर्छ र कुनै उम्मेदवार वा निजको वारिसले सहिछाप गर्न इन्कार गरेमा निर्वाचन अफिसरले पनि सोही व्यहोरा तालिकामा जनाउनु पर्छ ।

७९. ख. निर्वाचनको परिणाम घोषणा गर्नेः– (१) मत गन्ती गरिसकेपछि निर्वाचन अफिसरले हरेक उम्मेदवारले पाएको मतदानपत्रको कूल संख्या चढाई फाराम नं. १२ बमोजिमको ढांचामा परिणाम–तालिका तयार गर्नुपर्छ र सो परिणाम–तालिकामा खसालिएको मतको ५० प्रतिशत भन्दा बढी मत पाउने उम्मेदवारलाई प्रधान पञ्च वा उप-प्रधान पञ्च निर्वाचित भएको घोषणा गर्नुपर्छ ।

(२) कुनै पनि उम्मेदवारले ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्न नसकेमा परिणाम-तालिकाबमोजिम सबै भन्दा बढी मत प्राप्त गर्ने क्रमानुसार प्रथम र दोस्रालाई उम्मेदवार कायम गरी अरूलाई उम्मेदवारहरूको फेहरिस्तबाट हटाई पुनः मतदान गराई खसालिएको मतको ५० प्रतिशत मत प्राप्त गर्नेलाई विजयी घोषित गर्नु पर्छ र मत बराबर भएमा निर्वाचन अफिसरले गोला हाली निर्णय गर्नु पर्छ ।

(३) परिणामको घोषणा गरे पछि निर्वाचन अफिसरले परिणाम तालिकाको एक एक प्रति सबै उम्मेदवारलाई र जिल्ला पञ्चायतलाई तुरून्त पठाउनु पर्छ ।

७९ग. निर्वाचनसम्बन्धी कागजात सुरक्षित राख्नेः– यस परिच्छेदबमोजिम सञ्चालन गरिएको निर्वाचनसम्बन्धी कागजातहरूको हकमा नियम ४१ बमोजिम गरी सुरक्षित साथ राखिने छ ।

७९घ. निर्वाचनसम्बन्धी झगडाः– यस परिच्छेदबमोजिम सञ्चालन गरिएको निर्वाचन–सम्बन्धी उजूरीका सम्बन्धमा परिच्छेद ७ बमोजिम हुनेछ ।

६. मूल नियमावलीको नियम ८० मा संशोधनः– मूल नियमावलीको नियम ८० को सट्टा देहायको नियम ८० राखिएको छ :–

८०. धरौटी फिर्ता वा जफत गर्नेः– नियम ६० बमोजिम जांच बुझको खर्च भराइए पछि वा सो नियमबमोजिम भराउन नपर्ने भएमा फैसला वा आदेश भएको मितिले ३ महीना पछि परिच्छेद ७ बमोजिम जम्मा गरिएको धरौट रकम सम्बन्धित व्यक्ति वा निजको हकदारलाई फिर्ता दिनुपर्छ र फैसला वा आदेश भएको ६ महीना सम्म पनि यो नियम–बमोजिम फिर्ता पाउन सक्ने व्यक्तिको दर्खास्त पर्न नआएमा सो रुपैयां गाउँ सभाको कोषमा दाखिल हुनेछ ।

७. मूल नियमावलीको नियम ८२ मा संशोधनः– मूल नियमावलीको नियम ८२ को सट्टा देहायको नियम ८२ राखिएको छः–

८२. सहयोग दिनेः– गाउँ पञ्चायतको निर्वाचनको लागि कर्मचारीको आवश्यकता परी निर्वाचन अफिसरले मांग गरेमा आवश्यकतानुसार कर्मचारी खटाई पठाई मद्दत


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु स्थानीय सबै सरकारी अड्डाखानाका प्रमुखहरू र शिक्षण संस्थाहरूको कर्तव्य हुनेछ।

८. मूल नियमाबलीको फारामहरूमा संशोधन र थपः– (१) मूल नियमाबलीमा रहेको फाराम नं. ९ र १० को सट्टा अनुसूचीबमोजिमको फाराम नं. ९ र १० राखी त्यसपछि फाराम नं. ११ र १२ थपिएको छ ।

९. रूपान्तरः– (१) मूल नियमावलीको नियम ३ को उप-नियम (३) र फाराम नं. १ मा रहेको स्थानीय हाकिम भन्ने शब्दहरूको सट्टा "जिल्ला पञ्चायत" भन्ने शब्दहरू राखिएको छ।

(२) मूल नियमावलीको नियम २३, नियम ४१ को उप-नियम (२), नियम ४२, नियम ४३, नियम ४६ को उप-नियम (१), नियम ५८ को उप-नियम (३), नियम ५९ र नियम ६० मा रहेको "स्थानीय हाकिम" भन्ने शब्दहरूको सट्टा "निर्बाचन अफिसर" भन्ने शब्दहरू राखिएको छ ।

(३) मूल नियमाबलीमा प्रयोग गरिएका "एजेण्ट" भन्ने शब्दको सट्टा "वारिस" भन्ने शब्द राखिएको छ ।

१०. खारेजीः– मूल नियमावलीको नियम २ को खण्ड (च), नियम १२ को खण्ड (ग), नियम १३ र नियम १५ को उप-नियम (३) खारेज गरिएको छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

## फाराम नं. ६

(नियम ६३ (१) संग सम्बन्धित)

दरखास्त पत्र (क)

(प्रधान पञ्च वा उप-प्रधान पञ्च पदको उम्मेदवारले भर्नु पर्ने)

१. गाउँ पञ्चायतको नामः–

२. उम्मेदवारको नामः–

३. उम्मेदवारको बाबु वा पतिको नामः–

४. उम्मेदवारको पूरा ठेगानाः–

म प्रधान पञ्च वा उप-प्रधान पञ्च पदको उम्मेदवार हुन चाहन्छु । मेरो उमेर २ · · साल बैशाख १ गते · · · · बर्ष · · · · महीना दिन पुगेको छ । मैले निर्वाचन रङ्ग निम्नलिखित क्रमानुसार रोजेको छुः–

(क) ..............

(ख) ..............

(ग) ..............

५. मैले श्री लाई आफ्नो वारिस नियुक्त गरेको छु ।

मितिः– उम्मेदवारको सहिछाप

यो दरखास्तपत्र मेरो तर्फबाट पेश गर्ने लाई आफ्नो वारिस मुकरर गरेको छु ।

उम्मेदवारको सहिछापः–

वारिसको सहिछापः–

वारिसको ठेगानाः–

(निर्वाचन अफिसरले भर्नु पर्ने)

दरखास्तपत्रको क्रमसंख्याः–

यो दरखास्तपत्र उम्मेदवार वा निजको अधिकार प्राप्त वारिसले म कहां · · · · गते बजे पेश गर्नु भएको थियो ।

दस्तखत

निर्वाचन अफिसर

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## समर्थन पत्र (ख)

......................... गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्चको निर्वाचनको लागि श्री .... उम्मेदवार भएकोमा हामी समर्थन गर्छौं ।

१. समर्थकको पूरा नाम थर र सहिछाप:–

वडा नम्बर:–

ठेगाना:–

२. समर्थकको पूरा नाम, थर र सहिछाप:–

वडा नम्बर:–

ठेगाना:–

३. ....................

४. ....................

## भरपाई (ग)

दरखास्तपत्रको क्रमसंख्या:–

....... गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्च पदको उम्मेदवार हुनको लागि श्री ..... को दरखास्तपत्र मकहां गते बजे दाखिल भयो । प्रधान पञ्च वा उप-प्रधान पञ्च पदका सबै उम्मेदवारहरूको दरखास्तपत्रको जांचबुझ ... गते .. बजे .... ठाउँमा हुनेछ ।

दस्तखत

निर्वाचन अफिसर

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# फाराम नं. १०

(नियम ६७ संग सम्बन्धित)

.......... गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको निर्वाचनमा भएको उम्मेदबारहरूको फिहरिस्त,

... गाउँ पञ्चायतको प्रधान पञ्च र उप-प्रधान पञ्च पदको निर्वाचनमा खडा भएका उम्मेदबारहरूको नाम र विवरण प्रकाशित गरिएको छ ।

प्रधान पञ्चको लागि

| सिलसिलेवार नम्बर | उम्मेदवारको नाम | उम्मेदवारको ठेगाना | उम्मेदबारको निर्बाचन रङ्ग |
|---|---|---|---|
| | | | |

मतदानको काम मिति ..... मा .... बजेदेखि ..... बजेसम्म हुनेछ ।

द. निर्वाचन अफिसर

उप-प्रधान पञ्चको लागि

| सिलसिलेवार नम्बर | उम्मेदवारको नाम | उम्मेदबारको ठेगाना | उम्मेदबारको निर्बाचन रङ्ग |
|---|---|---|---|
| | | | |

मतदानको काम मिति.... मा .... बजेदेखि .... बजेसम्म हुनेछ ।

द. निर्वाचन अफिसर

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# फाराम नं. ११

(नियम ७७ संग सम्बन्धित)

**मतदान–पत्रको फांट**

...... गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्चको चुनाव गराउँदाको मतदानपत्रको फांट ।

१. जिम्मा लिएको मतदानपत्रको जम्मा संख्याः–
२. खर्च नभएको मतदानपत्रको संख्याः–
३. खारेज गरिएको मतदानपत्रको जम्मा संख्याः–
४. प्रयोग गरिएको मतदानपत्रको जम्मा संख्याः–
५. मतदान–पेटिकाहरूमा हुनुपर्ने मतदानपत्रको जम्मा संख्याः–

मितिः– द. पोलिङ्ग अफिसर

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## फाराम नं. १२

(नियम ७९ ख (१) संग सम्बन्धित)

निर्वाचन परिणाम

तालिका

| सिलसिलेवार नम्बर | उम्मेदबारको नाम | उम्मेदबारले पाएको सदरभएको मतसंख्या | उम्मेदबारले पाएको बदर भएको मतसंख्या |
|---|---|---|---|
| | | | |

सदर भएको जम्मा मतसंख्याः–

बदर भएको जम्मा मतसंख्याः–

.... बस्ने उम्मेदबार श्री ..... गाउँ पञ्चायतको प्रधान पञ्च वा उप-प्रधान पञ्च पदमा निर्वाचन हुनु भयो भनी यो घोषणा गर्दछु ।

मितिः–

सहिछाप
निर्वाचन अफिसर

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको विशेष सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

960

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।